# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, आषाढ १५ गते २०२४ साल [ अतिरिक्ताङ्क १२

श्री ५ को सरकार

कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन, सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२४ सालको ऐन नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६९

## पूरक विनियोजन ऐन २०२४

प्रस्तावना :– आर्थिक वर्ष २०२३।२४ को निमित्त विभिन्न सेवा र कार्यहरूमा विनियोजन ऐन, २०२३ द्वारा खर्च गर्न अधिकार दिइएको रकम केही सेवा र कार्यहरूका लागि अपर्याप्त भएको र केही सेवा र कार्यहरूका लागि अधिकृत भएको रकम भन्दा बढि खर्च हुन गएकोले ती सेवा र कार्यहरूमा केही रकम थप गरि मिलाउन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र संमतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम :– यो ऐनको नाम पूरक विनियोजन ऐन , २०२४ रहेको छ ।

२. आर्थिक वर्ष २०२३।२४ को निमित्त संचित कोषबाट थप रूपैया खर्च गर्ने अधिकार :– आर्थिक वर्ष २०२३।२४ को निमित्त अनुसूचि २ को कालम ३ मा र अनुसूचि ३ को कालम ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरूको निमित्त अनुसूचि २ को कालम ४ मा र अनुसूचि ३ को कालम ४ मा निर्दिष्ट गरिए बमोजिम जम्मा रूपैया २,५१,८३,००० दुई करोड एकाउन्न लाख त्रियासी हजारमा नबढाई त्यतिसम्म रकम संचित कोषबाट थप खर्च गर्न सकिने छ ।

३. विनियोजन :– यो ऐनद्वारा संचित कोषबाट थप खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०२३।२४ को निमित्त अनुसूचि २ को कालम ३ मा र अनुसूचि ३ को कालम ३ मा निर्दिष्ट गरिएकोसेवा र कार्यहरूको निमित्त विनियोजन गरिने छ ।

तर,

उक्त सेवा र कार्यको निमित्त यो दफा र विनियोजन ऐन, २०२३ को दफा ३ द्वारा विनियोजित जम्मा रकम कुनैमा बचत हुने र कुनैमा नपुग हुन देखिन आयो भने श्री ५ को सरकारले एक शिर्षकबाट जम्मा रूपैया ३,००,००० तीन लाखमा नबढाईने गरि कुनै एक वा एक भन्दा बढि शिर्षकहरूबाट अर्को एक वा एक भन्दा बढि शिर्षकहरूमा रकम सार्न सक्नेछ ।

६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूचि – १

### संविधान अनुसार संचित कोष माथि व्यय भार हुने

| १<br>सि. नं. | २<br>अनुदान संख्या | ३<br>सेवा र कार्य | ४<br>संचित कोष माथि व्यय भार हुने रूपैयामा |
|---|---|---|---|
| १. | ३ | राष्ट्रिय पञ्चायत | ३,८०,००० |
| २. | ४ | महालेखा परीक्षकको विभाग | ९९,००० |
| ३. | ५ | सर्वोच्च अदालत | १,७३,००० |
| ४. | ६ | लोक सेवा आयोग | १,५८,००० |
| ५. | ३८ | लगानी ऋण तथा व्याज | ८,२०,००० |
| ६. | ४७ | निर्वाचन आयोग | ६,२५,००० |

९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूचि – २

### दफा २ र ३ अनुसार संचित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| सि. नं. | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रूपैयामा |
| १. | ७ | मन्त्रीपरिषद | १,१०,००० |
| २. | ६ | जिल्ला प्रशासन | ४,१०,००० |
| ३. | १० | प्रहरी | १६,७६,००० |
| ४. | ११ | कारागार | ४,६७,००० |
| ५. | १२ | विविध | १,४०,००० |
| ६. | १३ | मालपोत | ५१,२८,००० |
| ७. | १४ | भन्सार | ६,६८,००० |
| ८. | १५ | अन्तःशुल्क | २,१२,००० |
| ९. | १६ | कर | ३१,००० |
| १० | २१ | टकसार | ४५,००० |
| ११. | २३ | अदालत | ४१,००० |
| १२. | २७ | शिक्षा | २,५७,००० |
| १३. | २८ | स्वास्थ्य | ८०,००० |
| १४. | ३२ | बन | २४,००० |
| १५. | ३४ | संचार | ४,५०,००० |
| १६. | ३७ | निर्माण | २३,००० |
| १७. | ३९ | रक्षा | ५०,००,००० |
| १८. | ४१ | पेन्सन भत्ता तथा उपदान | ५०,००० |
| १९. | ४७ | भैपरि आउने | २०,००,००० |

५८

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ३

### दफा २ र ३ अनुसार संचित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| सि. नं | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रूपैयामा |
| १ | ४ | शिक्षा | २६,०२,००० |
| २ | ७ | पञ्चायत | १०,००,००० |
| ३ | ८ | कृषि | ६८,००० |
| ४ | १२ | यातायात | १२,४८,००० |
| ५ | १४ | निर्माण | ६,५०,००० |
| ६ | १८ | भैपरि आउने | १२,००,००० |
| ७ | २१ | भूमि सुधार | १०,००,००० |

लालमोहर सदर मिति २०२४।३।१५।५

आज्ञाले–
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको का. मु. सचिव ।

६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।